# त्रिभुवन विश्वविद्यालय

# शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोष सञ्चालन सम्बन्धी विनियम, २०७६

**पारित मिति** : २०७६/१/७

(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. २४१४)

त्रिभुवन विश्वविद्यालय

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालय

## शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोष सञ्चालन सम्बन्धी विनियम, २०७६

त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम २०५० को नियम ४७क र नियम १२६ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले देहायको विनियमहरु बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम "त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोष सञ्चालन सम्बन्धी विनियम, २०७६" रहेको छ ।

(२) यो विनियम २०७६।४।१ देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा,

(क) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ ।

(ख) "शिक्षक, कर्मचारी" भन्नाले त्रिभुवन विश्वविद्यालयको स्थायी सेवामा कार्यरत शिक्षक, कर्मचारी सम्झनु पर्छ ।

(ग) "विनियम" भन्नाले त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोष सञ्चालन सम्बन्धी विनियम, २०७६" लाई सम्झनु पर्छ ।

(घ) "अस्पताल" भन्नाले परिच्छेद ५ को विनियम ९ मा तोकिएका अस्पताल सम्झनु पर्छ ।

((ङ) "कोष" भन्नाले विनियम ३ अनुसार स्थापना भएको शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोष सम्झनु पर्छ ।

(च) "पदाधिकारी" भन्नाले विश्वविद्यालयको नियममा पूरा समय काम गर्ने भनी तोकिएका पदाधिकारी सम्झनु पर्छ ।

(छ) "आश्रित परिवार" भन्नाले यस विनियम बमोजिम सदस्य भएको व्यक्तिको श्रीमान्, श्रीमती, बाबु, आमा तथा १८ बर्ष नपुगेका छोरा, छोरी सम्झनु पर्छ । सो शब्दले विवाहित महिला कर्मचारीको हकमा सासु, ससुरालाई समेत जनाउँछ ।

(ज) "मेडिकल बोर्ड" भन्नाले विनियम ८ को खण्ड (घ) बमोजिम गठन गरिएको बोर्डलाई सम्झनु पर्छ ।

(झ) "योगदान" भन्नाले विनियम ६ बमोजिम पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुको तलब वा निवृत्तिभरण रकमबाट कटाई कोषमा जम्मा गर्ने रकम सम्झनु पर्छ ।

(ञ) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले विनियम ४ बमोजिमको कोषको सदस्य भएको पदाधिकारी, शिक्षक तथा कर्मचारी सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले विनियम ७ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्छ ।

(ड) “स्वास्थ्योपचार” भन्नाले विनियम ९ अनुसार तोकिएको अस्पतालले गर्ने स्वास्थ्योपचार सम्झनु पर्छ ।

(ढ) “स्वास्थ्योपचार खर्च” भन्नाले विनियम १० अनुसारको कोषबाट व्यहोरिने खर्च सम्झनु पर्छ ।

## परिच्छेद २

## शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोषको स्थापना

**३. कोषको स्थापना :** (१) विश्वविद्यालयमा कार्यरत तथा निवृत्त शिक्षक, कर्मचारी एवं निजहरुको आश्रित परिवारको स्वास्थ्य उपचारको लागि एक स्वास्थ्य उपचार कोष रहनेछ ।

(२) उपविनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) कार्यरत तथा निवृत्त स्थायी शिक्षक एवं कर्मचारीबाट विनियम ६ बमोजिम कट्टा गरी जम्मा गरिएको रकम

(ख) विश्वविद्यालयले समयसमयमा स्वास्थ्यउपचार कोषमा जम्मा गरिदिएको रकम

(ग) नेपाल सरकार वा अन्य निकायबाट प्राप्त रकम ।

(३) उपविनियम (१) बमोजिमको कोषबाट विश्वविद्यालयका स्थायी शिक्षक, कर्मचारी तथा निवृत्त शिक्षक, कर्मचारीहरुको विश्वविद्यालय शिक्षण अस्पताल लगायत अन्य तोकिएको अस्पतालमा गरिने औषधी बाहेकका स्वास्थ्य उपचारको पूरा रकम व्यहोरिने छ ।

(४) उपविनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषबाट विश्वविद्यालय सेवाका निवृत शिक्षक, कर्मचारीहरुको आश्रित परिवारका लागि लाग्ने स्वास्थ्य उपचार रकमको पचास प्रतिशत मात्र रकम व्यहोरिने छ ।

## परिच्छेद ३

## कोषको सदस्यता

४. **कोषको सदस्य :** (१) विश्वविद्यालयका पदाधिकारी, स्थायी शिक्षक तथा कर्मचारीहरु कोषको सदस्य हुनेछन् ।

(२) निवृत्तिभरण पाउने गरी निवृत्त शिक्षक तथा कर्मचारीहरु कोषको सदस्य हुन चाहेमा सदस्य हुन सक्नेछन् ।

(३) उपविनियम (१) र (२) बमोजिम सदस्य भएका पदाधिकारी, शिक्षक र कर्मचारीहरुले मात्र यस विनियम बमोजिमको सुविधा प्राप्त गर्नेछन् ।

(४) उपविनियम (१) र (२) बमोजिमको सदस्य रहेसम्म मात्र निजको आश्रित परिवारले यस विनियावली बमोजिमको सुविधा प्राप्त गर्नेछन् ।

(५) उपविनियम (१) (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय सेवाभन्दा बाहिरका ब्यक्ति पदाधिकारीको पदमा नियुक्ति भएमा पदमा बहाल रहेसम्म मात्र निजले स्वास्थ्य उपचार कोषबाट सुबिधा प्राप्त गर्न सक्नेछ ।

**५. परिचय पत्र :** (१) विनियम (४) बमोजिमका सदस्यहरुले कोषको कार्यालयमा आफ्नो र परिवारको तोकिएको विवरण फाराम भरी नाम दर्ता गर्नु पर्नेछ । दर्ता भएका सदस्यहरुलाई अनुसूची (१) बमोजिमको सदस्यता परिचयपत्र प्रदान गरिनेछ ।

(२) सम्बन्धित क्याम्पस/ कार्यालयको सिफारिसमा उपविनियम (१) बमोजिमको परिचयपत्र केन्द्रीय कार्यालयमा रहेको कोष व्यवस्थापन गर्ने सम्बन्धित शाखाबाट जारी गरिनेछ ।

**६. कोषमा गरिने योगदान रकमः** (१) देहायका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुले देहाय बमोजिमको रकम कोषमा योगदान गनुपर्नेछ :

(क) कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुले मासिक खाइपाई आएको तलबको एक प्रतिशत (१%) बराबर कट्टी गरी हुन आउने रकम,

(ख) निवृत्तिभरण पाउनेगरी निवृत्त भएका शिक्षक तथा कर्मचारीले मासिक खाइपाई आएको निवृत्तिभरण रकमको डेढ प्रतिशत (१.५%) बराबर कट्टी गरी हुन आउने रकम,

(२) विश्वविद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुले कोषको सदस्य भएवापत गर्नुपर्ने योगदान विश्वविद्यालयको सम्वन्धित निकायले प्रत्येक महिनाको तलबबाट कट्टा गरी कोषमा पठाउनु पर्ने छ ।

(३) कोषको सदस्य बनेका विश्वविद्यालयबाट निवृत्त शिक्षक र कर्मचारीहरुको सदस्य भएवापत गर्नुपर्ने योगदान निजको निवृत्तिभरणबाट कट्टा गरी कोषमा पठाउनु पर्ने छ ।

## परिच्छेद ४

## कोष सञ्चालक समितिको गठन र कोषको संचालन

**७. कोष सञ्चालक समिति :** (१) कोषको व्यवस्थित रुपमा संचालन गर्नको लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको सञ्चालक समिति रहने छ :

| | | |
|---|---|---|
| (क) रजिष्ट्रार | : | अध्यक्ष |
| (ख) चिकित्साशास्त्र अध्ययन संस्थान महराजगञ्ज चिकित्सा क्याम्पसमा कार्यरत चिकित्सक/शिक्षक | : | सदस्य |
| (ग) आर्थिक प्रशासन महाशाखा प्रमुख | : | सदस्य |
| (घ) कर्मचारी प्रशासन महाशाखा प्रमुख | : | सदस्य |
| (ङ) स्वास्थ्य उपचार कोषको शाखा प्रमुख | : | सदस्य-सचिव |

(२) विनियम (१) को खण्ड (ख) बमोजिमको प्रतिनिधिको मनोनयन रजिष्ट्रारको सिफारिसमा उपकुलपतिले गर्नेछ । निजको पदावधि ३ बर्ष हुनेछ ।

(३) उपविनियम (२) बमोजिमको सदस्यले सेवाबाट अवकास पाएमा निजको पदावधि स्वतः समाप्त हुनेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) स्वास्थ्योपचार कोषको सञ्चालन र रेखदेख गर्ने ।

ख) कोषमा जम्मा हुन आएको रकमको उचित प्रयोग र सुरक्षित लगानी गर्ने ।

ग) कोषबाट शोधभर्ना/भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्न स्वीकृति दिने ।

घ) स्वास्थ्योपचार खर्चको सम्बन्धमा विवाद आएमा मेडिकल बोर्ड गठन गरी विवाद समाधान गर्ने ।

## परिच्छेद ५

## स्वास्थ्योपचार गर्ने अस्पताल

९. **स्वास्थ्योपचार गर्ने अस्पताल** : (१) त्रिभुवन विश्वविद्यालयका देहायका अस्पतालहरुमा विनियम ४ बमोजिमका सदस्यहरु र निजहरुहको आश्रित परिवारको विनियम ३ को उपविनियम (३), (४), (५) र (६) बमोजिमको स्वास्थ्य उपचार गरेको रकम कोषबाट व्यहोरिनेछ ।

(क) चि.शा.अ. संस्थान शिक्षण अस्पताल

(ख) चि.शा.अ. संस्थान मनमोहन कार्डियो थोरासिक भाष्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर

(ग) चि.शा.अ. संस्थान वि पि कोइराला लायन्स नेत्र अध्ययन केन्द्र

(घ) चि.शा.अ. संस्थान आयुर्वेद अस्पताल

(ङ) त्रि. वि. स्वास्थ्य केन्द्र, कीर्तिपुर

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषबाट खर्च व्यहोर्ने गरी विश्वविद्यालयवाट सम्बन्धन प्राप्त मेडिकल कलेजका शिक्षण अस्पताल, नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तरगतका स्वास्थ्य विज्ञान प्रतिष्ठान, अस्पतालहरु तथा सरकारी अस्पतालहरुसंग सम्झौता गरी स्वास्थ्य उपचार गर्ने व्यवस्था गर्न सक्नेछ ।

(३) उपविनियम (१) र (२) बमोजिमका अस्पतालहरुबाट सेवा लिन सहज नहुने विश्वविद्यालयका कुनै निकायका शिक्षक, कर्मचारीहरुलाई समितिले निर्णय गरी कुनै क्याम्पस/कार्यालयको नजिकको कुनै अस्पताल वा स्वास्थ्य संस्थालाई तोक्न सक्नेछ ।

(४) उप विनियम (१) र (२) बमोजिमको अस्पतालमा उपचार हुन नसकेमा मेडिकल वोर्डको सिफारिसमा देश भित्रका अन्य अस्पताल वा देश वाहिरको अस्पतालमा पनि उपचार गराउन सकिने छ ।

(५) उप विनियम (२) र (३) बमोजिमका अस्पताल वा स्वास्थ्य संस्थामा उपचार गराउदा समेत विनियम ३ बमोजिमको स्वास्थ्य उपचार कोषको रकमबाट व्यहोरिनेछ ।

## परिच्छेद ६

## स्वास्थ्य उपचार खर्चको व्यवस्था र भुक्तानी

१०. **स्वास्थ्योपचार कोषले व्यहोर्ने रकम :** (१) विनियम ९ को उपविनियम (१) बमोजिमको अस्पतालमा गरिने उपचारमा लाग्ने सबै रकम कोषबाट व्यहोरिनेछ ।

(२) विनियम ९ को उपविनियम (२) र (३) बमोजिमका अस्पतालमा एकपटक उपचार गरेको न्युनतम रु १०००/- (एक हजार रुपैयाँ) रकम भएमा मात्र कोषबाट व्यहोरिनेछ ।

**स्पष्टीकरण** : यस विनियमको प्रयोजनको लागि "पटक" भन्नाले बाहिरंग विभागमा एक पटक दर्ता गरेपछि त्यही दर्ता शुल्कबाट जति दिनसम्म स्वास्थ्योपचार सेवा अस्पतालले दिन्छ त्यही समयावधिलाई पटक मानिनेछ ।

(३) उपविनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सदस्यहरुको स्वास्थ्योपचार खर्चवापत एक आर्थिक वर्षमा कोषबाट सदस्यहरुलाई अधिकतम रु ५,००,०००/- (पाँच लाख रुपैयाँ) र निजको आश्रित परिवारको अधिकतम रु. २,००,०००/- (दुई लाख रुपैयाँ) सम्मको खर्च व्यहोरिनेछ ।

(४) उपचार गर्नको लागि आइसियू (ICU) र त्यस्तै अन्य उपचार कक्षमा राख्न आवश्यक भएमा उपविनियम (३) उल्लेखित अधिकतम रकमले खामेसम्म खर्च कोषले व्यहार्ने छ ।

(५) विनियम ९ को उपविनियम (२) र (३) बमोजिमको अस्पतालमा स्वास्थ्योपचार हुन नसक्ने भएमा त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पतालमा स्वास्थ्योपचारको लागि सिफारिस गर्नु पर्नेछ ।

(६) त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा पनि उपचार हुन नसक्ने भएमा मेडिकल वोर्डको सिफारिशमा स्वदेश भित्रका अन्य अस्पतालमा वा विदेशमा स्वास्थ्योपचारको लागि लैजान सकिने छ ।

(७) उपविनियम (६) अनुसार स्वास्थ्योपचार गर्दा लागेको खर्चको उपविनियम (३) मा उल्लेखित अधिकतम रकमले खामेसम्म खर्च कोषले व्यहोर्ने छ ।

(८) यस विनियम बमोजिम तोकिएको अस्पतालमा स्वास्थ्य परीक्षण गर्नको लागि आवश्यक उपकरण नभई स्वास्थ्य परीक्षण हुन नसकी स्थानीय अन्य अस्पतालमा परीक्षण गराउनु परेमा सम्बन्धित अस्पतालबाटै परीक्षण गराई लागेको खर्चको भुक्तानी दिई शोधभर्नाको लागि विश्वविद्यालय शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोषमा विवरण पेश गर्नुपर्नेछ ।

**११. आश्रित परिवारको स्वास्थ्योपचार :** (१) कोषको सदस्यको आश्रित परिवारको लागि विनियम १० को उपविनियम (३) मा उल्लेखित रकममा नवढने गरी तोकिएको अस्पतालमा स्वास्थ्योपचार गराउदा लागेको खर्च कोषबाट व्यहोरिनेछ ।

(२) यस उपविनियम (१) बमोजिम परिवारका सदस्यहरुले स्वास्थ्योपचार कोषबाट खर्च व्यहोरिने गरी स्वास्थ्योपचार गर्नको लागि परिवारका सदस्यहरुको नाम कम्तिमा एक महिना अघि कोषमा दर्ता भएको हुनुपर्नेछ ।

(३) उपविनियम (२) बमोजिम दर्ता नभएको कुनै पनि परिवारका सदस्यहरुको स्वास्थ्योपचार खर्च कोषले व्यहोर्ने छैन ।

**१२. खर्च नव्यहोरिने :** देहायका खर्चहरु कोषले व्यहोर्ने छैन :

क) चश्मा र चश्माका लेन्स खर्च,

ख) कानमा लगाउने सुन्ने उपकरण खर्च,

ग) शरिरको अङ्ग प्रत्यारोपण सम्बन्धी खर्च,

घ) कुनै किसिमको कस्मेटिक उपचार खर्च,

ङ) विश्वविद्यालयमा पूर्णकालिन सेवामा संलग्न हुनुभन्दा अगाडिदेखि लागेको दीर्घकालीन रोग (Chronic Disease) भएको भन्ने कुरा मेडिकल बोर्डबाट ठहर हुन आएमा त्यस्ता रोगको स्वास्थ्योपचार खर्च,

च) कुनै पनि प्रकारको औषधि खर्च,

छ) नेपाल सरकारको नीति र कार्यक्रम अनुसार निशुल्क उपचार गर्ने भनिएका स्वास्थ्योपचार खर्च,

ज) सुत्केरी र गर्भवती सम्बन्धी कुनै पनि खर्च ।

**१३. स्वास्थ्योपचार उपलब्ध गर्ने र स्वास्थ्योपचार खर्चको भुक्तानी दिने प्रक्रिया :** (१) सम्बन्धित शिक्षक, कर्मचारी र निजका आश्रित परिवारको स्वास्थ्योपचार गर्दा लाग्ने नियमसम्मत (वैध) स्वास्थ्योपचार खर्चको भुक्तानी सिधै कोषले सम्बन्धित अस्पताललाई गर्ने छ ।

(२) उप विनियम (१) अनुसार भुक्तानीको लागि सम्बन्धित अस्पतालले खर्चको विवरण त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयमा रहेको शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोष, कीर्तिपुरमा स्वास्थ्योपचार खर्चको रकमको आधारमा मासिक वा त्रैमासिक रुपमा भुक्तानीको लागि पेश गर्नु पर्ने छ ।

(३) उप विनियम (२) अनुसार भुक्तानीको लागि विवरण पेश भएपछि आवश्यक कागजात हेरी एक हप्ता भित्र भुक्तानी दिनु पर्ने रकम सम्बन्धित अस्पतालको खातामा जम्मा गरी सम्बन्धित अस्पताललाई सूचना दिनुपर्ने छ ।

## परिच्छेद ७

## कोषको लेखा, लेखा परीक्षण र जगेडा कोष

**१४. कोषको खाता सञ्चालन र लगानी :** (१) कोषको खाता सञ्चालन समितिको अध्यक्ष र सदस्य सचिवको नामबाट हुनेछ ।

(२) कोषमा जम्मा भएको रकम तत्काल भुक्तानी गनुपर्ने आवश्यकता समेत हेरी "क" वर्गको बैंकमा मुद्धति वा अन्य खाता खोली राख्न सकिनेछ ।

(३) उपविनियम (२) का अतिरिक्त कोषमा रहेको रकम सरकारी ऋण, बण्ड खरीद गरी राख्न सकिनेछ ।

**१५. कोषको लेखा र लेखा परीक्षण :** (१) कोषको लेखा विश्वविद्यालय ऐन र नियम अनुसार राख्नुपर्नेछ । लेखा परीक्षण प्रत्येक आर्थिक वर्षमा गरिने छ ।

(२) लेखा परीक्षण गरिएको आर्थिक प्रतिवेदन विश्वविद्यालय सभामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ८

## विविध व्यवस्था

**१६. विवरण राख्नुपर्ने तथा प्रतिवेदन पेश गर्नुपर्ने :** (१) अस्पतालहरुले सदस्यहरुको उपचारमा भएको खर्चको विवरण दुरुस्त राख्नुपर्नेछ ।

(२) कोष व्यवस्थापन गर्ने शाखाले प्रत्येक अस्पताल र सदस्यलाई उपलब्ध गराइएको खर्च विवरणको प्रतिवेदन हरेक तीन तीन महिनामा रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ ।

१७. **सेन्ट्रल डेटा बेस (Central Database) को व्यवस्थाः** स्वास्थ्योपचार सुविधा उपलब्ध गराउन आवश्यक सूचनाको लागि वेभमा आधारित Central Database तयार गर्न सकिने छ ।

१८. **सम्झौता गर्नुपर्ने** : त्रिभुवन विश्वविद्यालयका शिक्षण अस्पताल। केन्द्रहरु बाहेक अन्य अस्पतालहरुमा कोषका सदस्यहरु र आश्रित परिवारका सदस्यहरुलाई स्वास्थ्य उपचार गराउने सम्बन्धमा विश्वविद्यालयको तर्फबाट सम्बन्धित अस्पतालसँग समन्वय गरी सम्झौता गर्नु पर्नेछ ।

१९. **कोषमा रकम दाखिला गर्नु पर्ने रकम** : शिक्षक वा कर्मचारीहरुलाई प्रत्येक महिनामा तलब भुक्तानी गर्दा निजहरुले पाउने तलबको १% (एक प्रतिशत) रकम सम्बन्धित लेखा शाखाबाट कट्टा गरी त्रि.वि. शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोषमा प्रत्येक महिनामा दाखिला गर्नु विभाग प्रमुख र लेखा सम्बन्धित कर्मचारीको कर्तब्य हुनेछ। त्यसैगरी कोषको सदस्य रहनेमा निबृत शिक्षक तथा कर्मचारीलाई प्रत्येक महिनामा गर्नु पर्ने निवृत्तिभरण रकमको १.५% (डेढ प्रतिशत) रकम समेत सोही अनुसार कोषमा दाखिला गर्नु सम्बन्धित कर्मचारीको कर्तब्य हुनेछ ।

२०. **खारेजी र बचाऊ** : त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को निर्णयानुसार त्रिभुवन विशवविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान शिक्षण अस्पताल/केन्द्रहरुमा विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीलाई स्वास्थ्य उपचार सेवा सुविधा दिने गरी कार्यकारी परिषदबाट यसभन्दा अगाडि भए गरिएको सम्पूर्ण निर्णयहरु खारेज गरिएको छ ।

***

त्रिभुवन विश्वविद्यालय

# अनुसूची १
# परिचय पत्रको नमुना

## अग्र भाग

त्रिभुवन विश्वविद्यालय

**शिक्षक, कर्मचारी स्वास्थ्य उपचार कोष**

पदाधिकारी/शिक्षक/कर्मचारीको फोटो

**दर्ता नं :**

**नाम :**

**सङ्केत नं :**

**पद/श्रेणी :**

पदाधिकार/शिक्षक/कर्मचारीको श्रीमान श्रीमतीको फोटो

**स्थायी ठेगाना :**

**नागरिकता नं :**

**टेलिफोन :**

**हाल कार्यरत वा अवकाश हुँदाको निकाय :**

पदाधिकारी/शिक्षक/कर्मचारीको छोरा वा छोरीको फोटो

**सहुलियत पाउने परिवार संख्या :**

**श्रीमान श्रीमतीको नाम, थर :**

नाम : | नाम :

## पृष्ठ भाग

| | | | |
|---|---|---|---|
| **नाम :** | पदाधिकारी/शिक्षक/कर्मचारीको बाबु वा ससुराको फोटो | **नाम :** | पदाधिकारी/शिक्षक/कर्मचारीको आमा वा सासुको फोटो |
| **नाता :** | | **नाता :** | |
| **जन्म मिति :** | | **जन्म मिति :** | |
| **नागरिकता नं :** | | **नागरिकता नं :** | |
| **टेलिफोन :** | | **टेलिफोन :** | |

**माथि उल्लिखित विवरण तथा फोटोहरु मेरो आफ्नै परिवारको हो भनी दस्तखत गर्ने कर्मचारीको**

**नाम :**

**हस्ताक्षर :**

**मिति :**

| प्रमाणित गर्ने कार्यालय प्रमुखको | कोषको प्रयोजनको लागि |
|---|---|
| हस्ताक्षर : | कार्ड प्रमाणित गर्ने |
| नाम : | अधिकारीको दस्तखत : |

[watermark]